मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

## साइकल खरिद कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।१०।१६

**आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको लागि साईकल खरिद कार्य गर्नको लागि सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले सम्वन्धित इजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स तथा कम्पनीवाट निम्नलिखित शर्तहरूको अधीनमा रहि रितपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र फर्म तथा कम्पनीले चालु आ.व. २०७९/०८० मा नवीकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि, म्यानुफ्याक्चर अथोराइजेशन लेटर, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा रू. १०००।- तिरेको (फिर्ता नहुने गरी) नगदी रसिद वा राष्ट्रिय वाणिज्य वैंक, कपिलाकोटमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ १५३००३०१०१०००२ मा नगदै राखि जम्मा गरेको सक्कल वैंक भौचर निवेदनका साथ सम्वन्धित फर्म, सप्लायर्स तथा कम्पनी वा निजको प्रतिनिधिले दरभाउ पत्र यस कार्यालयवाट खरिद गर्नु पर्नेछ ।

२. दरभाउ पत्र खरिद गर्दा कार्यालय प्रमुखले दस्तखत र कार्यालयको छाप लागेको दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र दरभाउपत्र खरिद गरि १६ औं दिनको १२:०० बजेभित्र पेश गर्नु पर्नेछ । उक्त दरभाउपत्र १६ औं दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाताहरू वा निजहरूको अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । खरिद गरिएको दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरू प्रष्टसँग भरी सम्वन्धित दरभाउदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम र सूचना नं. प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरू हुनेछ ।

४. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. कुनै शर्त राखि पेश गरिएको सिलवन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६. सिलवन्दी दरभाउ पत्र साथ यस कार्यालयको नाममा जमानत वापत उल्लेख भए अनुसारको रकम राष्ट्रिय वाणिज्य वैंक कपिलाकोटमा रहेको धरौटी खाता नं. ग-३ १५३००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल वैंक भौचर वा सिलवन्दी दर्ता गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त वैंकवाट यस कार्यालयको नाममा जारी भएको वैंक जमानत अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

७. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८. उल्लेखित सूचनामा आवश्यक कुराहरू संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस वा वेभसाईटमा राखिनेछ ।

१०. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म तथा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ अनुसार हुनेछ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | मू.अ. कर समेत ल. ई. रकम (रू.) | जमानत वापतको रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | ०७/०७९/०८० | साईकल खरिद कार्य | १७,४४,७९९।२८ | ४५,०००।- | |

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत